**लोक सेवा आयोग**
**नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजस्व समूह, लेखा समूह, नेपाल लेखापरीक्षण सेवा, र नेपाल संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको आन्तरिक प्रतियोगितात्माक लिखित परीक्षाको पाठ्यक्रम**

**भाग - १ लिखित परीक्षा** **पूर्णाङ्क :- २००**

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामाजिक अध्ययन (सबै सेवा समूहका लागि) | १०० | वस्तुगत बहुउत्तर<br>छोटो छोटो उत्तर<br>लामो उत्तर | २५<br>८<br>१ | ५०<br>४०<br>१० | १ घण्टा |
| द्वितीय | सेवा सम्बन्धी | १०० | वस्तुगत बहुउत्तर<br>छोटो छोटो उत्तर<br>लामो उत्तर | २५<br>८<br>१ | ५०<br>४०<br>१० | १ घण्टा |

**भाग - २ अन्तर्वार्ता** **पूर्णाङ्क :- ३०**

**द्रष्टव्य :**

१. प्रथम पत्र सामान्य ज्ञान र सामाजिक अध्ययन विषयको परीक्षा सबै सेवा समूहलाई संयुक्त वा भिन्नाभिन्नै पनि हुन सक्नेछ। द्वितीय पत्र सेवा सम्बन्धी विषयको परीक्षा सेवा अनुरुप भिन्नाभिन्नै हुनेछ ।
२. लिखित परीक्षाको माध्यम नेपाल परराष्ट्र सेवाको द्वितीय पत्रका भाग २ को अंग्रेजी र बाँकी सबैको नेपाली वा अंग्रेजी अथवा दुवै भाषा हुनेछ ।
३. लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ४० प्रतिशत मानिने छ ।
४. वस्तुगत बहुउत्तर प्रश्न गल्ती गरेको प्रश्नोत्तरको लागि २० प्रतिशत अंक कट्टा गरिनेछ ।
५. पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशहरुबाट प्रश्न सोधिनेछ ।
६. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।
७. भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र भाग २ को अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन् ।

## प्रथमपत्र :- सामान्यज्ञान तथा सामाजिक अध्ययन

**१. सामान्यज्ञान**

१.१. नेपालको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अवस्था सम्बन्धी सामान्य जानकारी ।
१.२. सार्क मुलुक सम्बन्धी सामान्य जानकारी ।

**२. सामाजिक अध्ययन**

२.१. नेपालको प्राकृतिक तथा राजनैतिक विभाजन र प्रत्येक भागका विशेषताहरु ।
२.२. नेपालको इतिहास पृथ्वीनारायण शाहदेखि हालसम्म ।
२.३. बहुदलीय लोकतान्त्रिक संसदीय व्यवस्थाको महत्व र विशेषताहरु ।
२.४. नेपालको चालू पञ्चवर्षीय योजनाको सामान्य जानकारी ।
२.५. नेपालको सरकारी बजेट प्रणाली ।
२.६. नेपाल राष्ट्र बैंकका प्रमुख कार्यहरु ।
२.७. वातावरण प्रदूषण, शहरीकरण र जनसंख्याबृद्धिः कारण र निवारण ।
२.८. सामाजिक सुधार (मुलुकी ऐन) र आर्थिक सुधार (भूमिसुधार) ।

------------

लोक सेवा आयोग